बैठक संख्या : ७७

मिती : २०७७।०५।२८ गते

स्थान : राप्ती नगरपालिका

समय : साझ ५: ०० बजे

यस राप्ती नगरपालिका, नगर कार्यपालिकाको प्रमुख श्री प्रभा बराल (पौडेल) ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

उपस्थिति

नगरप्रमुख श्री प्रभा बराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

वडाध्यक्ष नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

२०७७।०५।२८

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

का.वा. वडाध्यक्ष वडा नं. ११ श्री कृष्ण बहादुर लामा

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

प्रमुख प्रशासकीय अधिकृत श्री गंगा बहादुर भुजेल — सदस्य सचिव

आमन्त्रित जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

लेखा अधिकृत श्री गोपाल तिवारी

उपसचिव श्री शम्भु प्रसाद पौडेल

सुरेश न्यौपाने

सन्दिप ओझा

क.अ. श्री रमेश चौधरी

**मिति २०७७।०५।२८** **वैठक संख्या : ७७**

**प्रस्तावहरु**

१. दररेट पास गर्ने सम्बन्धमा ।
२. नगरपालिकाको भवन निर्माण ठेकदारलाई पुरस्कार दिने सम्बन्धमा ।
३. शिक्षा समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
४. दुग्ध प्रशोधन उद्योगको लागत सहभागिता सम्बन्धमा ।
५. करारको कर्मचारीको प्रसुती विदा र किरिया विदा सम्बन्धमा ।
६. आइसोलेसन निर्माण सम्बन्धमा ।(कृषी विकास बैंक बागमती प्रदेश तालिम केन्द्र)
७. योजना सुचारु गर्ने सम्बन्धमा ।
८. विपद् व्यवस्थापनको लागि बजेट सम्बन्धमा ।
९. ५ वेडको अस्पताल संचालन सम्बन्धमा ।
१०. नगरपालिकाको नयाँ भवनमा सर्ने सम्बन्धमा ।
११. जनशक्ति व्यवस्थापन (स्वास्थ्य तर्फ र नगर प्रहरी) सम्बन्धमा ।
१२. नगर प्रवक्ता तोक्ने सम्बन्धमा ।
१३. नगर सल्लाहकार थप गर्ने सम्बन्धमा ।
१४. विविध ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा जिल्ला दररेटलाई आधार लिई राप्ती नगरपालिकाको भौगोलिक अवस्था र स्थानीय बजारको मुल्य बुझि राप्ती नगरपालिका नगर स्तरिय दररेट निर्धारण समितिले सिफारिस गरेको दररेट बमोजिम नै नगर दररेट निर्धारण गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरपालिका प्रशासकिय भवन निर्माणकर्ता ठेकेदार जयमाता ड्राइगन शिवालय जे भि ले कार्य सम्पादनमा तोकिएको समय भन्दा करिब साढे चार महिना अगावै सम्पन्न गरेको व्यहोरा निर्विवाद रहेको । पुरस्कारको रकम धेरै रहेकोले यसको कानूनी प्रावधान प्रक्रिया हेरी आवश्यक निर्णय गर्न नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

मिति २०७७।०५।२८ वैठक संख्या : ७७

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर शिक्षा समितिको मिति २०७७।०४।२७ गतेको देहाय अनुसारको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

१. शिक्षा ऐन २०७४ को दफा २० को उपदफ ४ मा स्थायी नियुक्ति लिएको वा सरुवा भई आएको दुई बर्ष अवधि पुरा नभएको शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई सरुवा गरिने छैन भन्ने वाक्याशंको सट्टा स्थायी नियुक्ती लिएको वा सरुवा भई आएको एक वर्ष सेवा अवधि पुरा नभएको शिक्षक र अनिवार्य अवकास हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई सरुवा गरिने छैन र महिला तथा अपाङ्कका लागि उक्त अवधिको आधा हुनेछ । भनि शिक्षा ऐन २०७४ को दफा २० को उपदफा ४ मा संशोधनको लागि नगर सभामा पेश गर्ने । नगर सभाबाट स्वीकृत नभए सम्म हालको समस्यालाई समाधान गर्न राप्ती नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ३९ को प्रावधान बमोजिम संघीय शिक्षा नियमावलीको नियम ९९ अनुसार कार्यान्वयनका लागि आदेश जारी गर्ने निर्णय गरियो ।

२. श्री आधारभुत विद्यालय बजरहट्टीमा बहिरा तथा सुस्त श्रवण तर्फको विषेश विद्यालयको रुपमा रुपान्तर/अनुमतिका लागि र पूर्वाधार व्यवस्थापन सहित तयारीको लागि आवश्यक कार्यार्थ शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठीमी भक्तपुर मार्फत विषेश शिक्षा परिषदमा सिफारिस गर्ने र त्यसको लागि नगरपालिकाको तर्फबाट सक्दो सहयोग गर्ने ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा राप्ती नगरपालिकामा दुग्ध प्रसोधन केन्द्र चक्लेट उद्योग स्थापनाको लागि प्रदेश सरकारबाट ७०% व्यहोर्ने भनि जानकारी प्राप्त भएको र बाँकी ३०% यस राप्ती नगरपालिकाले लागत सहभागिता जुटाई राप्ती नगरपालिका वडा नं. ७ स्थित पम्फा खोलाको नदी खोला उकास जग्गा संरक्षण गरि उक्त उद्योग निर्माण गर्ने तथा आवश्यक परे साना किसान सरकारी संस्था लि. को जग्गा प्रदान गर्ने सहकारी सहमत रहेकोले छलफल गरी उक्त जग्गा समेत प्रयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राप्ती नगरपालिकामा कार्यरत सेवा करारमा कार्यरत कर्मचारीहरुको सम्झौतामा अतिआवश्यक प्रसुती विदा, प्रसुती स्याहार विदा र किरिया विदाको सेवा सुविधा उल्लेख नभएकोले महिलालाई सुत्केरी विदा ६० दिन, पुरुषलाई सुत्केरी स्याहार विदा १५ दिन र किरिया विदा १५ दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कृषी विकास बैंक बागमती प्रदेश तालिम केन्द्रको भवनमा आइसोलेसन कक्ष निर्माण गर्ने र आवश्यक बजेटको व्यवस्था पूर्वी चितवनको चार वटा नगरपालिका मिली दामासाही हिसावले खर्च रकम व्यहोर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**मिति २०७७।०५।२८** **बैठक संख्या : ७७**

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा राप्ती नगरपालिकाको सातौ नगरसभाबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम संचालन गर्न दररेट निर्धारण भएकोले तत्काल कार्य सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा राप्ती नगरपालिकामा आइपर्ने विपद् नियन्त्रण राहतका कार्य गर्न सो शिर्षकमा वार्षिक बजेट नराखेको तर कोराना प्रकोप रोकथाम तथा नियन्त्रण गर्न बजेट विनियोजन भएकोमा उक्त कोराना कोषको रकमको ३०% विपद् व्यवस्थापनमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १२६ मिति २०७७।०५।२३ गते स्थानीय तहमा कोराना रोकथाम र नियन्त्रणको लागि ५ वेडको कोभिड-१९ अस्थायी अस्पाताल स्थापना गर्ने परिपत्र प्राप्त भएकोले हाललाई भण्डारामा रहेको भण्डारा स्वास्थ्य चौकी/प्रस्तावित भण्डारा अस्पताललाई ५ वेड राखि तत्काल सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० माथि छलफल गर्दा राप्ती नगरपालिकाको नवनिर्मित भवनमा आवश्यक व्यवस्थापन गरी शुभ सायत हेरी जति सक्दो छिटो कार्यालय सरी नयाँ भवनबाटै सेवा सुचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

प्रस्ताव नं. ११ माथि छलफल गर्दा स्वास्थ्य तर्फ अझैपनि जनशक्ति न्यून रहेको र हाल कोभिड – १९ रोकथामको लागि तत्काल कोराना अस्पताल समेत संचालन गर्नुपर्ने भएकोले तपसिल अनुसारको पदमा सेवा करारमा लिने र नगरपालिका नव निर्मित भवन कार्य सेवा सुचारु छिटै हुने भएकोले कार्यालयको रेखदेख सुरक्षा गर्ने तत्काल नगर प्रहरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| मेडिकल अधिकृत आठौ तह | – ३ जना |
| स्टाफ नर्स पाचौ तह | – २ जना |
| फार्मेसी सहायक पाचौ तह | – १ जना |
| हे अ पाचौ तह | – १ जना |
| अ हे व चौथो तह | – १ जना |
| अ न मी चौथो तह | – ३ जना |
| मनो सामाजिक परामर्शकर्ता | – १ जना |
| कार्यालय सहयोगी | – ४ जना |

Scanned with CamScanner

मिति २०७७।०५।२८

बैठक संख्या : ७७

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा राप्ती नगरपालिकामा हाल सम्म पनि नगर प्रवक्ता तोकी नसकेकोले नगर गतिविधि सुचना प्रवाह लगायत कामकाज गर्न राप्ती नगरपालिका वडा नं. १० का वडा अध्यक्ष श्री अमर बहादुर तमाङलाई नगर प्रवक्ता तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा नगरको समग्र विकासको खाका कोर्न विभिन्न विज्ञ सल्लाहाकार आवश्यक पर्ने हुन्ने हुन्छ । विभिन्न विषयविज्ञसँग सम्बन्धित देहाय अनुसारको सामाजिक अगुवा व्यक्तित्व हरुलाई सल्लाकार रुपमा तोक्ने निर्णय गरियो ।

**तपसिल**

१. श्री मान बहादुर स्याङबो
२. श्री राम चन्द्र पाठक
३. श्री भिम पुन
४. श्री गोविन्द कडेल

**निर्णय नं. १४**

प्रस्ताव नं. १४ को विविध विषयमा छलफल गर्दा राप्ती नगरपालिका - ०८ अन्तर्गत आधारभुत विद्यालय ब्रम्हस्थानमा शौचालयको अति आवश्यक भइ निर्माण कार्य गरिसकेको र क्रमागतमा उक्त योजना छुट हुन पुगेकोले सो योजनाको भुक्तानी रकम रु २०००००। (अक्षेरुपी रु दुइ लाख) नगरपालिकाको पुजीगत विभिन्न योजना संचालन शिर्षकबाट दिने निर्णय गरियो ।

Scanned with CamScanner